# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय

हेटौंडा, मकवानपुर

च.नं.

मिति : २०७१/१०/२३ गते

**स्नातक तह (२०७१-२०७५) मा भर्नाको लागि छनौट भएका उम्मेदवारहरुको**
**<u>पूर्ण शुल्क (UDF) कोटाका दोस्रो सूची प्रकाशन सम्बन्धि सूचना</u>**

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौंडाको शैक्षिक सत्र २०७१-२०७५ स्नातक तहमा अध्ययन गर्न आवेदन दिएका उम्मेदवारहरुमध्ये मिति २०७१/०८/२७ गते शनिबारका दिन लिइएको प्रवेश परीक्षामा प्राप्त प्राप्ताङ्क, आई.एस्सी. वा १०+२ तहको प्राप्ताङ्कको १० प्रतिशत र एस.एल.सी.को प्राप्ताङ्कको १० प्रतिशत समेतको आधारमा तयार गरिएको योग्यताक्रम र प्राथमिकता अनुसारको उत्तीर्ण भएका परीक्षार्थीहरुमध्येबाट विज्ञान तथा फरेष्ट्री दुवै समूहकोलागि पूर्ण शुल्कीय कोटाहरुमा भर्ना भई अध्ययन गर्न चाहने इच्छुक उम्मेदवारहरुबाट निवेदन माँग गर्दा मिति २०७१/१०/०४ गते अन्तिम मितिसम्ममा दर्ता हुन आएका निवेदनहरुलाई योग्यता क्रमानुसारको आधारमा मिति २०७१/१०/१५ गते प्रकाशित सूचना अनुसार पूर्ण शुल्क (UDF) कोटाका प्रथम सूचीमा उल्लेखित उम्मेदवारहरुमध्ये तोकिएको अवधिमा भर्ना नभई **बाँकी रहेको रिक्त स्थानका लागि तपसिलमा उल्लेखित उम्मेदवारहरुलाई भर्ना हुन पूर्ण शुल्क (UDF) कोटाका दोस्रो सूची प्रकाशित गरिएकोछ । छनौट भएका उम्मेदवारहरुले मिति २०७१/१०/२३ गतेदेखि मिति २०७१/१०/२८ गते बुधबार कार्यालय समय भित्रमा यस संकायको शैक्षिक प्रशासन शाखामा सम्पर्क गरि भर्ना भई सक्नुपर्नेछ ।** भर्ना हुन आउँदा नागरिकताको प्रमाणपत्रका साथै सम्पूर्ण शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रहरु (S.L.C. र I.Sc. को) सहित साथै उक्त प्रमाणपत्रहरुको २/२ प्रति फोटोकपि, पासपोर्ट र अटोसाईजका २/२ प्रति फोटोहरु सहित उम्मेदवार आफै उपस्थित हुनुपर्नेछ । भर्ना फाराम साथ पेश हुन बाँकी रहेका सक्कल तथा फोटोकपि प्रमाणपत्रहरु उम्मेदवारहरुले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, अन्यथा छनौट भएका उम्मेदवारहरुलाई यस वन विज्ञान संकायले भर्ना गर्न बाध्य हुनेछैन । **भर्ना हुने समयमा प्रथम किस्ता वापत रु.१,००,०००।- (एक लाख रुपैया) र भर्ना शुल्क रु.३,२१५।- (तीन हजार दुई सय पन्ध्र) गरी जम्मा रु.१,०३,२१५।- (एक लाख तीन हजार दुई सय पन्ध्र रुपैया) यस संकायको आर्थिक प्रशासन शाखामा बुझाउनु पर्नेछ ।** कुनै उम्मेदवारको शैक्षिक योग्यता एवं अन्य विवरण झुठा ठहरिएमा वा फरक भेटिएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारको भर्ना कुनैपनि समय रद्ध गर्न सकिनेछ । **मिति २०७१/१०/२८ गते बुधबार सम्ममा पनि स्थान रिक्त रहेमा अर्को भर्ना सूची पछि प्रकाशित गरिनेछ ।** भर्ना सूची प्रकाशनमा सकेसम्म शुद्दिकरण गरिएकोछ, तथापि कुनै भूलचुक भएमा भर्ना सम्बन्धि मूलकपिबाट सच्याईने व्यहोरा सम्बन्धित सबैको जानकारीकोलागि सूचित गरिन्छ ।

**पुनश्च:** विशेष कारणबस अन्य सुरक्षित कोटाहरुको भन्दा पूर्णशुल्कीय (UDF) कोटाको विद्यार्थी भर्ना प्रक्रिया अगाडी गर्नु परेको हुँदा पूर्णशुल्कीय (UDF) कोटामा भर्ना भएका उम्मेदवारहरु पछि अन्य सुरक्षित कोटाहरुमा छनौट भएमा उक्त उम्मेदवारहरुको पूर्णशुल्कीय (UDF) वापत बुझाएको रकम फिर्ता गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीकोलागि सूचित गरिन्छ ।

फोन नं. ०५७-५२४१५४, ५२७३५४
फ्याक्स नं.: ०५७-५२७३५४
Email:deanforestry@afu.edu.np
Web: www.afu.edu.np

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौडा, मकवानपुर


च.नं.



(ठ) पूर्ण शुल्क (UDF)
Forestry Intake तर्फ मुख्य उम्मेदवारः-

| S.N. | UDF Regd. No. | Exam Roll No. | Full Name of Applicants | Gender | District | Total Score |
|---|---|---|---|---|---|---|
| 1 | 4 | 031 | Rita Khatri | F | Myagdi | 48.279 |

**Science Intake** तर्फ मुख्य उम्मेदवारः-

| S.N. | UDF Regd. No. | Exam Roll No. | Full Name of Applicants | Gender | District | Total Score |
|---|---|---|---|---|---|---|
| 1 | 66 | 516 | Kyalima Khanal | F | Gorkha | 65.850 |
| 2 | 10 | 457 | Ghanshyam Bohara | M | Doti | 65.718 |
| 3 | 31 | 768 | Shova Paudel | F | Chitwan | 65.715 |

( वासुदेव पोखेल )
निमित्त डीन

वोधार्थः-
।१। श्री रजिष्ट्रारको कार्यालय,
कृषि तथा वन विज्ञान विश्वविद्यालय, भरतपुर, चितवन ।
।२। श्री परीक्षा नियन्त्रण कार्यालय,
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।
।३। श्री आर्थिक प्रशासन शाखा,
वन विज्ञान संकाय,
डीनको कार्यालय,
हेटौडा, मकवानपुर ।


फोन नं. ०५७-५२४९५४, ५२७३५४
फ्याक्स नं.: ०५७-५२७३५४
Email:deanforestry@afu.edu.np
Web: www.afu.edu.np